# ताँजाकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चाखुरे, हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

पत्र संख्या : ०८१/०८२
चलानी नं.

मिति : २०८१/०७/२१

रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्वन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०७/२१)

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) अन्तर्गत यस ताँजाकोट गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको प्राविधिक सहायक पद रिक्त हुन गएकाले उक्त पदमा करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमको विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

| क सं | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०८१/०८२ | प्राविधिक सहायक | सहायकस्तर पाँचौ | १(एक) |

१.आवश्यक न्यूनतम योग्यता र अनुभवः

क) सिभिल ईन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाण पत्र तह वा डीप्लोमा तह उत्तिर्ण गरेको ।

ख) अनुभव तथा सीपःप्राविधिक सहायक पदमा देहायको अनुभव तथा सीप आवश्यक पर्नेछ ।

- कम्प्यूटर विषयमा कम्तिमा ३ महिने तालिम लिइ आधारभुत सीप भएको
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने
- आयोजनाको लक्ष्य र परिमाण हाँसिल गर्न टोलीमा काम गरेको अनुभव पारस्पारिक सम्वन्धि सीप सहित कम्तिमा १ वर्ष कार्य अनुभव भएको
- ताँजाकोट गाउँपालिका भित्र बसोवास गर्ने स्थानीय नागरिकलाई विशेष प्राथमिकता दिइनेछ ।

ग) उमेरः-कम्तिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

२.दरखास्त दिने स्थानः-ताँजाकोट गाउँपालिकाको कार्यालय चाखुरे, हुम्ला ।

३.दरखास्त दिने अन्तिम मितिः-२०८१/०८/०५ गते सम्म

४.आवेदन दस्तुरः-रु ५००।(पाँच सय मात्र)

५.छनौटको किसिमः-प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा ।

६.आवेदन साथ संलग्न कागजातहरुः-आवेदक स्वयमले प्रमाणित गरेका देहायका कागजातहरुको प्रमाणित प्रतिलिपिहरुः

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपीहरु
- न्यूनतम शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपीहरु
- अनुभव खुल्ने कागजातहरु
- पासवर्ड साइजको फोटो २ प्रति फोटो

.................
राजेन्द्र स्याङ्कु
नि.प्रमुख प्रशासकीय अधिकृत

७.सेवा सुविधाः-नेपाल सरकारको तालुक मन्त्रालयले तोके बमोजिम हुने छ ।

८.पदले सम्पादित गर्नु पर्ने कार्यविवरणःगाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपुर्ति सम्वन्धि प्रक्रियाको दफा ९ बमोजिम हुनेछ ।

नोटः-आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायतको अन्य जानकारी गाउँपालिकाको वेभ साइट www.tajakotmun.gov.np मा उपलब्ध छ ।



Scanned with CamScanner